बारा जिल्ला अदालत

सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धि जरुरी सूचना

<u>सूचना प्रकाशन मिति २०७३/१०/२१</u>

बिभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न सवारी साधन जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत बमोजिम डाँक बढाबढ द्वारा एकमुष्ट लिलाम बिक्री गरिने भएकोले मिति २०७३/०९/०८ को निर्णय र मिति २०७३।९।२७ को मुल्याकंन समितिको निर्णयानुसार ईच्छुक व्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागि आहवान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>सवारी साधनको विवरण</u>

| सि.नं. | जिन्सी नं. | मुद्दा नं. | सामानको विवरण | मोडेल/ईन्जिन नं./ च्यासिस नं. | संख्या | न्युनतम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २६४ | ०७३-CR-००७८ | बा ७ च ४२३१ नं.को कार | मो. 2009<br>इ.नं. L12B10004258<br>चे.नं. AKGG171G9N004243 | १ | रु ७,००,०००।- | दर्ता हुने |

१. लिलाम द्वारा बिक्री गरिने मिति समय र स्थानः- २०७३ साल फागुन ८ गते दिउसो २.०० बजे देखि ३.०० बजे सम्म यस अदालतको तहसिल शाखा र सो दिन सार्वजनिक बिदा पर्न गए सोको भोलिपल्ट सोही समयमा र स्थानमा हुनेछ ।

२. लिलाममा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७३।११।६ गते दिउसो ३.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र  संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रका प्रतिलिपि समेत राखि निवेदन दस्तुर रु १०००।-(एक हजार) फिर्ता नहुने गरी यस अदालतको तहसिल शाखामा बुझाउनु पर्नेछ ।

३. निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन साथै सवारी धनीले लिलाम सकार गर्न मंजुर गरे सवारी धनीलाई प्राथमिकता दिईनेछ ।

४. लिलाममा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि सोहि दिन फिर्ता गरिने छ ।

५. डाक सकार गरि लिनेले ७ दिन भित्र बाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफुले कबुल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानुन बमोजिम जफत गरीनेछ ।

६. दर्ता नामसारी  गराउदा प्रचलित कानुन बमोजिम लाग्ने कर  दस्तुर वा शुल्क डाक सकार गर्ने स्वयम् ले व्यहोर्नु पर्नेछ ।

७. यस सम्बन्धी थप कुराहरु बुझ्न परे कार्यालय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

०७३।१०।२१

तहसिलदार, शाखा अधिकृत

तहसिलदार

शा.प्र. वती